जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १४५ २०८१ साल पुस २० गते शनिबार (4 Jan. 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सन् २०२४ ले गुमाएका.. ३ पृष्ठमा : लोकसेवा आयोगको दृष्टिमा ... ३ पृष्ठमामहाकुम्भ २०२५ : उत्सव सुरु...

# स्थिर सरकार विना मुलुकको विकास सम्भव छैन् : उपप्रधानमन्त्री सिह



**दैनिक समाचारदाता**
**राजविराज, १९ पुस ।**

नेपाली काँग्रेसका नेता प्रकाशमान सिंहले राजनीतिक स्वामित्व र स्थिर सरकार विना मुलुकको विकास सम्भव नरहेको बताएका छन् ।

शुक्रवार राजविराजस्थित नेपाली काँग्रेस सप्तरीको पार्टी कार्यालयमा आयोजित एक कार्यक्रममा पार्टीका स्थानीय नेता/कार्यकर्तालाई सम्बोधन गर्दै उपप्रधान एवं सहरी विकास मन्त्री समेत रहेका सिहले राजनीतिक अस्तितव र स्थिर सरकार बीना मुलुकको विकास सम्भव नभएकाले बर्तमान सरकार गठन भएको बताएका हुन ।

उनले दुई ठूला दलले केही साना दल समेतलाई मिलाएर बर्तमान सरकार बनाएको भन्दै उनले "पटक/पटक सरकार परिर्वतनले जनतामा नैराश्यता र विकास निर्माणका कामले गति लिन सकेको थिएन् । समयको माँग र परिस्थिती बुझ्रेर मुलुकको पहिलो ठुलो दल काँग्रेस र दोश्रो ठुलो दल एमाले सहित अन्य दललाई समेत लिएर राजनीतिक स्थिरता र जनताको मुल समस्या समाधानका लागी स्थिर सरकार बनाएका छौं ।"

उनले वर्तमान सरकारले जनहितका थुप्रै काम गरेको दाबीसाथ भविष्यमा समेत मुलुक समृद्ध बनाउन विभिन्न खाका तयार पारेर अघि बढेको बताए । यस अधिका सरकारले सूरु गरि अधुरा छाडेका कामलाई पुरा गर्न र नयाँ नयाँ काम सुरु गर्न वर्तमान सरकार लागिपरेको उल्लेख गरे ।

जनताको विकासका चाहना पुरा गर्न पार्टीका नेता तथा कार्यकर्ता समेत एकजुट हुनु पर्नेमा जोड दिएका उनले जनताका धर दैलोमा पुगेर संगठनलाई बलियो बनाउने काममा लाग्न आग्रह गरे ।

कुनै पनि दलको शक्ती भनेको ग्रासरुटमा संगठन बलियो हुनु हो, उनले भने । यसका लागी पार्टीका जिम्मेवार अधिकारी पार्टीको विधी विधान अनुसार आफु पनि अघि हिड्ने र अरुलाई पनि सोही बाटोमा हिडाउन सक्ने वातावरण बनाउनु जरुरी छ ।

उनले नेपाली काँग्रेस संस्थापक नेता कृष्णप्रसाद भट्टराई, विपी कोइराला, गणेशमान सिह, स्वर्ण शम्मशेरका साथै गिरिजा प्रसाद कोइराला, सुशील कोइराला जस्ता दुरदर्सी र परिपक्क नेताको विचार र चिन्तका आधारमा अघि बढ्ने यही जगमा काग्रेसलाइ अघि बढाउने जिम्मा अब हामी सबैको काँधमा आइपुगेको बताए ।

कार्यक्रममा नेपाली काँग्रेस सप्तरीका सभापती रामदेव साह, सचिव सनत मण्डल, महाधिवेश प्रतिनीधी भगवती प्रसाद यादव, क्षेत्रीय सभापती उमेश मिश्र, जिल्ला समन्वय समिती प्रमुख शिव नारायण साह, युवा नेता ध्रुव प्रसाद देव, इर्शाद अन्सारी, शम्भुलाला देव, तरुण दलका अध्यक्ष अर्जून यादव, नेविसंघका अध्यक्ष राकेश ठाकुर, जिल्ला बार एशोसियसन सप्तरीका अध्यक्ष हरेराम यादव, निजामती कर्मचारी युनियनका अध्यक्ष सुर्यकान्त झा लगायतले

*बाँकी अन्तिम पृष्ठमा*

# मारवाडी युवाद्वारा रक्तदान

**दैनिक समाचारदाता**
**राजविराज, १९ पुस ।**

रगतको अभावमा कसैले पनि ज्यान गुमाउनु नपरोस भन्ने उदेश्यले मारवाडी युवामञ्चले शुक्रवार सप्तरीको दुई स्थानमा बृहत रक्तदान कार्यक्रमको आयोजना गरेका छन ।

मारवाडी युवा दिवसको अवसर पारेर सप्तरीको राजविराज र हनुमाननगर कंकालिनी नगरपालिकामा बृहत रक्तदान कार्यक्रमको आयोजना गरिएको हो ।

मारवाडी युवा मञ्च राजविराजका अध्यक्ष आशिष जोशीको प्रमुख आतिथ्यमा राजविराजमा तथा मारवाडी युवा मञ्च हनुमाननगरका अध्यक्ष पंकज अग्रवालको प्रमुख आतिथ्यमा हनुमाननगरमा भएको रक्तदान कार्यक्रममा मारवाडी यूवा मञ्चका उपाध्यक्ष द्वय उज्जवल काबरा, होमेस काबरा, राष्ट्रिय मारवाडी युवा संगठनका केन्द्रीय सदस्य विसान्त सिंधी जैन, रिंकु जैन, साधना साह, विक्रम काबरा, सुनिल भगत लगायत ६ दर्जन भन्दा बढी युवामारवाहीहरुले रक्तदान गरेको मञ्चले जनाएको छ ।

नेपाल राष्ट्रिय मारवाडी युवा संगठन मातहतका मारवाडी युवा मञ्चले मारवाडी युवा दिवसको अवसर पारेर शुक्रवार देशैभर बृहत रक्तदान कार्यक्रमको आयोजना गरेको मञ्चका राजविराज अध्यक्ष आशिष जोशीले बताए ।

मौसम परिर्वतन संगै अस्पतालमा विरामीको संख्या बृद्धि भएकाले जस्तो सुकै अवस्थामा पनि रगतको अभाव नहोस तथा कसैको पनि ज्यान नजाओस भन्ने उदेश्यका साथ एकै पटक देशका विभिन्न स्थानहरुमा बृहत रक्तदान कार्यक्रमको आयोजना गरिएको मारवाडी युवा मञ्चले जनाएको छ ।

# दुर्घटनामा एकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १९ पुस ।**

सप्तरीमा भएको सबारी दुर्घटनामा एक व्यक्तिको ज्यान गएको छ ।

जिल्लाको सुरुङा नगरपालिका ३ स्थित कदमाहा-गाइघाट सडक खण्डमा पहिचान खुल्न नसकेको सबारीले दिएको ठक्करले ती व्यक्तिको ज्यान गएको हो ।

मृत्यु हुनेमा सुरुङा नगरपालिका ३ निवासी ६० बर्षका रामबहादुर नेपाली रहेको प्रहरीले जनाएको छ ।

शुक्रबार बिहान ४ बजे मर्निङ वाकमा निस्केको बखत नेपालीलाई नम्बर नखुलेको सबारीले ठक्कर दिएको सप्तरीका प्रहरी प्रमुख एसपी ढकेन्द्र खतिवडाले जानकारी दिए ।

ठक्कर दिने सबारीको पहिचान खुल्न नसकेको र खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# मधेशी दलहरुबीच सहकार्यका लागि जनता प्रगतिशीलको वार्ता टोलीको दौडधुप



**दैनिक समाचारदाता**
**काठमाडौं, १९ पुस ।**

तराई-मधेश केन्द्रित दलहरुबीच सहकार्यका लागि हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी नेपालले गठन गरेको वार्ता टोलीले विभिन्न दलहरुसँग वार्ता र सम्वादलाई तीव्र पारेको छ ।

जप्रपाका वरिष्ठ उपाध्यक्ष डा.शिवजी यादवको संयोजकत्वमा गठन भएको वार्ता टोलीले बिहीबार महन्थ ठाकुरको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी र राजेन्द्र महतोले हालै गठन गरेको राष्ट्रिय मुक्ति पार्टी नेपालसँग वार्ता गरेको हो ।

अशोक राईको जसपाले राजेन्द्र श्रेष्ठको नेतृत्वमा तीन सदस्यीय वार्ता टोलीसमेत गठन गरिसकेको छ । सो वार्ता टोलीसँग जप्रपाका वार्ता टोलीले सम्वाद गरेको हो । जप्रपाका वार्ता टोली सदस्य ईश्वरदयाल मिश्रका अनुसार जसपा सहकार्य प्रस्तावप्रति सकारात्मक रहेको छ ।

यसैगरी, जप्रपाको वार्ता टोलीले राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोसहितका नेताहरुसँग वार्ता गरेको छ । राजेन्द्र महतोको पार्टी पनि सहकार्यका लागि सहमति जनाइएको मिश्रले बताए ।

त्यस्तै, बिहीबार नै लोसपाका अध्यक्ष महन्थ ठाकुरसँगपनि वार्ता भएको हो । सबै दलका नेताहरु सहकार्यका लागि सहमत रहेको बताइएको छ । संविधान, संघीयता र लोकतन्त्रको रक्षाका लागि सबै मधेशी दलहरु एक ठाउँमा आउनै पर्ने सबै साझा धारणा रहेको मिश्रले जानकारी दिए ।

देशको वर्तमान परिस्थिति निरन्तर जटिलता तर्फ उन्मुख भएको हुँदा, बिग्रिदो अर्थतन्त्र झन् गिर्दो तथा आशावाद खस्किँदो, नैराश्यता बढ्दो अवस्थामा, ग्रामीण जनजीवन आक्रान्त, जनतामा आशावादीको खाँचो महसुस भएकोले राजनीतिक दलहरूबीच सहकार्यको आवश्यकता महसुस गर्दै जनता प्रगतिशील पार्टीले तीन सदस्यीय वार्ता टोली गरी वार्ता र सम्वादलाई तीव्रता दिएको हो ।

**जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं**

हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ,

- सावधानीपूर्वक सवारी साधन चलाऔं,
- सवारी चलाउनु पूर्व सवारीको यान्त्रिक परिक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ति (फग लाइट) बालेर मात्र सवारी साधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा अवश्यकता अनुसार हर्नको प्रयोग गरौं,
- तिब्र गतिमा सवारी साधन नचलाऔं,
- सवारी साधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,

सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सन् २०२४ ले गुमाएका चर्चित व्यक्तित्व

**दिलीप शर्मा**

काठमाडौँ, १९ पुस (रासस)।

वर्ष २०२४ लाई विभिन्न कारणले सम्झना गरिनेछ। यो वर्षले धेरै राम्रा कामको सुरुआत गरेको छ। कतिपय घटनाले सुखद कार्यलाई सम्झनामा सीमित गर्दै तिनलाई केवल निर्मम इतिहासमा बदलिदिएको छ। सन् २०२४ मा संसार छोडेका यस्ता घटना सम्झाउने केही महत्त्वपूर्ण व्यक्तित्वको नाम यहाँ प्रस्तुत गरिएको छ :

**जिमी कार्टर**

अमेरिकाका ३९औँ राष्ट्रपति जिमी कार्टरको एक सय वर्षको उमेरमा सन् २०२४ डिसेम्बर ३० मा निधन भएको छ। वाटरगेट काण्ड र भियतनाम युद्धपछि राष्ट्रपति पद जित्ने बदाम किसान जिम्मी कार्टरले ह्वाइट हाउसको कार्यकालपछि विश्वव्यापी मानवतावादीको रूपमा जीवनलाई पुनः परिभाषित गर्नुभएको थियो।

सबैभन्दा लामो समयसम्म बाँच्नुभएका अमेरिकी राष्ट्रपतिको जर्जियाको सानो शहर प्लेन्समा 'होस्पिस केयर'मा प्रवेश गरेको लगभग २२ महिनापछि निधन भएको हो। प्लेन्समा उहाँ र उहाँकी श्रीमती रोजालिनले आफ्नो जीवनको अधिकांश समय बिताउनुभयो। रोजालिनको भने सन् २०२३ नोभेम्बरमा ९६ वर्षको उमेरमा निधन भएको थियो।

कार्टर सेन्टरका संस्थापक, पूर्व अमेरिकी राष्ट्रपति जिमी कार्टरको आफ्नो परिवारबीच उमेरजन्य समस्याका कारण शान्तिपूर्वक निधन भएको उल्लेख छ। अमेरिकी राष्ट्रपति जो बाइडेनले कार्टरको निधनबाट विश्वले एक 'असाधारण नेता, राजनीतिज्ञ र मानवतावादी' नेतृत्व गुमाएको र आफूले एक प्रिय मित्र गुमाएको बताउनुभएको छ। रोग उन्मूलन, शान्ति स्थापना, नागरिक र मानव अधिकारलाई अगाडि बढाउन, विश्वभर स्वतन्त्र र निष्पक्ष चुनावलाई बढावा दिन र घरबारविहीनहरूलाई सहयोग गर्ने कामका लागि विश्वले उहाँलाई सम्झिरहनेछ। कार्टरले आफ्नो महत्त्वाकांक्षालाई गहिरो बुद्धि, गहिरो धार्मिक विश्वास र विलक्षण कार्य नैतिकताका साथ प्रयोग गर्नुभयो। उहाँले आफ्नो ८० को दशकमा कूटनीतिक मिसनहरू सञ्चालन गर्नुभएको थियो र ९० को दशकमा गरिबहरूका लागि घरहरू निर्माण गर्नुभएको थियो।

सन् १९२४ अक्टोबर १ मा जन्मनुभएका कार्टर अमेरिकी राजनीतिज्ञ, लेखक र डेमोक्रेटिक पार्टीका सदस्य हुनुहुन्थयो। उहाँले सन् १९७७ देखि १९८१ सम्म संयुक्त राज्य अमेरिकाको ३९औँ राष्ट्रपतिको रूपमा काम गर्नुभएको थियो। उहाँलाई सन् २००२ मा नोबेल शान्ति पुरस्कार प्रदान गरिएको थियो।

**अल्बर्टो फुजिमोरी**

मानवअधिकार हनन र भ्रष्टाचारको अभियोगमा दोषी ठहर भएका पेरुका पूर्वराष्ट्रपति अल्बर्टो फुजिमोरीको सेप्टेम्बर २१ मा निधन भयो। क्यान्सरसँगको लामो लडाइँपछि पूर्वराष्ट्रपति फुजिमोरीको निधन भएको हो। उहाँको जिब्रोमा क्यान्सर भएको थियो। सन् १९९० देखि २००० सम्म पेरुमा शासन गर्नुभएका फुजिमोरी भ्रष्टाचारको आरोपका कारण सत्ताबाट बाहिरिन बाध्य हुनुभएको थियो। राष्ट्रपति रहँदा उहाँले वामपन्थी गुरिल्ला विद्रोहविरुद्ध कडा अडान लिनुभएको थियो। त्यसलाई कतिपयले मानवअधिकार उल्लङ्घनको आरोप लगाएका थिए। तर विद्रोहीहरूले सत्ता कब्जा गर्ने सम्भावना देखिएका बेला फुजिमोरीले पराजित गरेको भन्दै उहाँको प्रशंसा गर्ने समूह पनि गरिन्छ।

**एलेक्सी नभाल्नी**

रुसमा पछिल्लो दशक सबैभन्दा प्रखर प्रतिपक्षी नेताको छवि बनाएका एलेक्सी नभाल्नीको सन् २०२४ फेब्रुअरी १८ मा जेलमा निधन भएको रूसी कारागार प्रशासनले जनाएको थियो। रूसी राष्ट्रपतिका सबैभन्दा कडा आलोचक मानिएका नभाल्नीलाई १९ वर्षको जेल सजाय सुनाइएको थियो। कतिपयले उहाँलाई लगाइएका अभियोगहरू राजनीतिक रूपमा प्रेरित भएको ठानेका थिए। उहाँको मृत्यु हुनुभन्दा करिब एक वर्ष पहिले मात्रै रूसको निकै कठोर जेलमध्येको आर्कटिक पेनल कोलोनीमा सारिएको थियो।

नभाल्नीको मृत्यु भएको भन्दा एक दिनअघि फेब्रुअरी १७ मा उहाँ अदालती सुनुवाइको क्रमको एक भिडिओमा देखा पर्नुभएको थियो। त्यसबेला उहाँ ठिकै देखिनुका साथै हाँसिरहेको देखिएको नभाल्नीका समर्थकहरूले दाबी गरेका छन्। जेल प्रशासनले नभाल्नी फेब्रुअरी १६ मा यात्राका क्रममा अचेत भएको र उपचारका लागि तत्कालै आपत्कालीन सेवालाई खबर गरिए पनि बचाउन नसकिएको बताइएको थियो।

नभाल्नीलाई सन् २०२० को अगस्टमा स्नायुमा असर गर्ने नोविचोक नामक सोभियतकालीन विषाक्त पदार्थद्वारा आक्रमण गरिएको थियो। साइबेरियाबाट मस्को जाने उडानमा रहेका बेला उहाँ बिरामी परेपछि जहाजले आपत्कालीन अवतरण गर्नुपरेको थियो। त्यसपछि जर्मनीमा उपचार गराएर रुस फर्किएलगत्तै पक्राउ परेका नभाल्नी मृत्युपर्यन्त रूसी हिरासतमा हुनुहुन्थ्यो। नभाल्नीले आफूमाथि स्नायु विष हमला भएकोबारे लगाएको आरोप सही भएको केही खोज पत्रकारहरूको अनुसन्धानले देखाएको थियो।

नभाल्नी रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका सबैभन्दा कडा आलोचक हुनुहुन्थ्यो। सत्चालिस वर्षको उमेरमा निधन हुनुभएका नभाल्नीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई भ्रष्ट्र व्यक्ति भएको आरोप लगाउँदै आउनुभएको थियो। उहाँ भ्रष्ट्राचारविरोधी अभियानकर्ता पनि हुनुहुन्थ्यो। सन् २०१८ को राष्ट्रपतीय निर्वाचनमा उहाँ उम्मेदवार बन्न खोज्नुभएको थियो तर उहाँलाई आर्थिक हिनामिनाको आरोपमा उम्मेदवार बन्न दिइएन। नडराई बोल्ने ब्लगरका छवि बनाउनुभएका उहाँलाई सामाजिक सञ्जालमा लाखौँ रुसीले पढ्छन् र सन् २०२० मा उहाँका केही समर्थकहरू साइबेरियाको स्थानीय निर्वाचनमा निर्वाचित पनि भएका थिए।

सन् २०२१ को फेब्रुअरीमा नभाल्नी सन् २०१४ मा सुनाइएको सजाय उल्लङ्घन गरेको आरोपमा जेल पर्नुभएको थियो। उहाँलाई सन् २०२० मा आफ्नो अवस्थाबारे प्रहरीलाई नियमित खबर नगरेको आरोप लगाइएको थियो। साइबेरियामा भएको स्नायु एजेन्ट आक्रमणमा परेर आपत्कालीन उपचार गराइरहेको थाहा हुँदाहुँदै उहाँमाथि यस्तो आरोप लगाइनु हास्यास्पद भएको उहाँका वकिलहरूले बताएका थिए।

**डा. मनमोहन सिंह**

भारतका पूर्वप्रधानमन्त्री मनमोहन सिंहको बुढ्यौलीजन्य स्वास्थ्य समस्याका कारण सन् २०२४ डिसेम्बर २६ मा राजधानी नयाँदिल्लीको अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस (एम्स) अस्पतालमा भर्ना गरिएको थियो तर उपचारका क्रममा उहाँको ९२ वर्षको उमेरमा सोही दिन निधन भएको थियो।

उहाँले प्रधानमन्त्रीका रूपमा सन् २००४ देखि २०१४ सम्म भारतलाई नेतृत्व दिनुभयो। भारतको आर्थिक सुधारका लागि विशेष योगदान दिनुभएका अर्थशास्त्री सिंहले १९९१ मा भारतको अर्थतन्त्रलाई उदारीकरण गर्न वित्तमन्त्रीको रूपमा महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो। उहाँको कार्यकालमा भारतको आर्थिक वृद्धि उच्च भएको थियो। उहाँलाई सरल, विनम्र र प्रभावकारी नेतृत्वका लागि भारतका साथै समग्र विश्वले सम्झिन्छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सिंहप्रति श्रद्धाञ्जलि अर्पण गर्दै उहाँको अतीतलाई स्मरण गर्दै आफूहरूबीचको अन्तर्क्रियामा उहाँमा सधैँ 'विवेक र नम्रता झल्किने गरेको' बताउँदै उहाँको कार्यकालमा 'भारतीय नागरिकको जनजीवन सुधार गर्न व्यापक प्रयासहरू' भएको बताउनुभएको थियो।

जवाहरलाल नेहरुपछि पहिलो कार्यकाल पूर्णरूपमा पूरा गर्दै पुनः प्रधानमन्त्रीमा निर्वाचित हुने उहाँ पहिलो भारतीय नेता हुनुहुन्थ्यो। उहाँको दोस्रो कार्यकालमा भने सरकारमाथि व्यापक रूपमा भ्रष्टाचारका आरोपहरू लागेको थियो।

सिंहको जन्म सन् १९३२ को सेप्टेम्बर २६ मा विभाजित हुनुपूर्वको भारतको पञ्जाब प्रान्त (हाल पाकिस्तान) को एउटा विकट गाउँमा भएको थियो। त्यहाँ पानी र बिजुलीको अभाव थियो। पञ्जाब विश्वविद्यालयमा पढेपछि उहाँ स्नातकोत्तर अध्ययनका लागि बेलायतको क्याम्ब्रिज विश्वविद्यालय पुग्नुभयो र पछि अक्सफोर्डबाट डिफिल गर्नुभएको थियो।

उहाँले कर कटौती, रुपैयाँको अवमूल्यन, राज्यद्वारा सञ्चालित कम्पनीहरूलाई निजीकरण र विदेशी लगानीलाई प्रोत्साहन गर्ने काम गर्नुभएको थियो। यसका कारण अर्थतन्त्रमा सुधार देखा पर्दै उद्योगहरूको तीव्र वृद्धि भयो। बढ्दो मुद्रास्फीति नियन्त्रण भएर सन् १९९० को दशकमा वृद्धिदर निरन्तर उच्च बनेको थियो।

सिंहको पहिलो प्रधानमन्त्रीकालमा सबैभन्दा ठूलो सफलता अमेरिकासँग आणविक सम्झौता गरेको रूपमा हेरिन्छ। उहाँको पालामा त्यस ऐतिहासिक सम्झौताका कारण भारतले अमेरिकाको आणविक प्रविधिमा पहुँच पाएको थियो। सिंह सरकारलाई समर्थन गरेका वामपन्थी दलहरूले त्यसकै कारण आफ्नो समर्थन फिर्ता लिएका थिए।

**सीताराम यचुरी**

जीवनको उत्तरार्द्धतिर श्वासप्रश्वाससम्बन्धी समस्याबाट पीडित भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का महासचिव सीताराम यचुरीको नयाँदिल्लीस्थित अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस (एम्स)मा उपचारका क्रममा ७२ वर्षको उमेरमा सेप्टेम्बर १२ मा निधन भएको थियो। सन् १९५२ अगस्ट १२ मा भारतको चेन्नईमा जन्मिनुभएका यचुरी भारतीय राजनीतिका प्रभावशाली नेता हुनुहुन्थ्यो।

उहाँ सन् २०१५ देखि कम्युनिस्ट पार्टीको महासचिव बन्नुभएको थियो। विद्यार्थी कालदेखि नै राजनीतिमा प्रवेश गर्नुभएका यचुरी जवाहरलाल नेहरु विश्वविद्यालयमा भारतीय विद्यार्थी महासङ्घ (एसएफआई)का प्रभावशाली नेता हुनुहुन्थ्यो। उहाँ इन्दिरा गान्धीको शासनकालमा १९७५ देखि १९७७ सम्म लगाइएको सङ्कटकालको समयमा नागरिक अधिकार र वामपन्थी विचारधारको पक्षमा क्रियाशील हुनुहुन्थ्यो। यचुरीले सन् २००५ अगस्ट १९ देखि सन् २०१७ अगस्ट १८ सम्म भारतको माथिल्लो सदन राज्यसभाको सदस्यका रूपमा पश्चिम बङ्गालबाट प्रतिनिधित्व गर्नुभएको थियो।

**नटवर सिंह**

सन् १९८४ मा पद्मभूषण प्राप्त गर्नुभएका पूर्व विदेशमन्त्री तथा वरिष्ठ कांग्रेस नेता नटवर सिंहको ९३ वर्षको उमेरमा निधन भएको छ। सन् १९५३ मा भारतीय विदेश सेवा (आइएफएस) मा आफ्नो जागिरे जीवन सुरु गर्नुभएका उहाँ सन् १९८० को दशकमा राजनीतिमा प्रवेश गर्नुभएको थियो।

उहाँले पूर्व प्रधानमन्त्री राजीव गान्धीको कार्यकालमा इस्पात, खानी, कोइला र कृषि राज्यमन्त्रीको रूपमा काम गर्नुभएको थियो। कूटनीति र राजनीतिमा अब्बल मानिने उहाँलाई तेलसम्बन्धी खाद्य घोटालामा उहाँको नाम आएपछि सन् २००६ मा काङ्ग्रेसले निलम्बित गरेको थियो। पछि सन् २००८ मा बहुजन समाज पार्टीमा सामेल भएपनि चार महिनापछि उहाँलाई सो पार्टीबाट पनि निष्कासित गरिएको थियो।

**रतन टाटा**

रतन नवल टाटा एक भारतीय उद्योगपति र परोपकारी व्यक्तित्वको नाम हो। उहाँले सन् १९९१ देखि २०१२ सम्म टाटा समूह र टाटा सन्सको अध्यक्षको रूपमा काम गर्नुभएको थियो भने अक्टोबर २०१६ देखि फेब्रुअरी २०१७ सम्म अन्तरिम अध्यक्षको रूपमा पद सम्हाल्नुभएको थियो। सन् २००० मा उहाँले भारतको तेस्रो सर्वोच्च नागरिक सम्मान पद्मभूषण प्राप्त गर्नुभएको थियो। सन् २००८ मा पद्म विभूषणसहित टाटाले आफ्नो कामको लागि धेरै प्रशंसा प्राप्त गर्नुभएको छ।

सन् १९३७ डिसेम्बर २८ मा जन्मनुभएका उहाँको ८६ वर्षको उमेरमा सन् २०२४ अक्टोबर ९ मा निधन भएको हो। उहाँको नेतृत्वमा कम्पनीले विश्वव्यापी स्वरूप धारण गरेको थियो। उहाँको नेतृत्वमा टाटा कम्पनीले कोरस, टेटली र जगुआर ल्यान्ड रोभरजस्ता प्रतिष्ठित ब्रान्डहरू अधिग्रहण गरेको थियो। टाटाको दूरदर्शी नेतृत्व र कर्पोरेट सामाजिक उत्तरदायित्वप्रतिको प्रतिबद्धताले भारतको कर्पोरेट जगत्मा सुधार ल्याएको बताउने गरिन्छ।

**तीन भारतीय सङ्गीतकार**

पद्मश्री, पद्म भूषण र सङ्गीत नाटक एकेडेमी पुरस्कारबाट सम्मानित सङ्गीतकार उत्साद राशिद खानको सन् २०२४ जनवरी ९ मा ५५ वर्षको अल्पायुमा नै निधन भएको हो। हिन्दुस्तानी शास्त्रीय गायक आफ्नो जुगलबन्दी र ख्याल र ठुमरीजस्ता भारतीय शास्त्रीय सङ्गीत शैलीहरूमा निपुणताको लागि प्रसिद्ध हुनुहुन्थ्यो। लोकप्रिय गीत 'चिठी आइ है' का लागि व्यापक प्रशंसा कमाउनुभएका चर्चित गजल गायक पङ्कज उदासको पनि यसै वर्ष फेब्रुअरीमा ७२ वर्षको उमेरमा निधन भएको छ। उहाँलाई 'चिठी आइ है' र अन्य 'चाँदी जैसा रङ्ग', र 'जिये तो जिए कैसे' जस्ता धेरै कालजयी गीत तथा गजलका लागि संसारले कहिल्यै भुल्ने छैन। सन् २००६ मा उहाँलाई सङ्गीत क्षेत्रमा दिएको उहाँको अपार योगदानका लागि भारतीय पद्मश्री पुरस्कारबाट सम्मानित गरिएको थियो।

तबला वादक जाकिर हुसेनको ७३ वर्षको उमेरमा निधन भयो। भारतीय शास्त्रीय सङ्गीतलाई पुनर्परिभाषित गर्नका लागि परिचित हुसेनले सहजै परम्परागत तबला लयलाई विश्वव्यापी शैलीसँग मिसाएर व्यापक प्रशंसा प्राप्त गर्नुभयो। चार पटकको ग्रामी विजेता उहाँले तबला उस्ताद, सङ्गीतकार, सङ्गीत निर्माता, अभिनेता र शिक्षकका रूपमा महत्त्वपूर्ण योगदान दिनुभयो।

विश्वप्रसिद्ध भारतीय तबलावादक उस्ताद जाकिर हुसेनको डिसेम्बर १६ मा निधन भएको हो। उहाँ फोक्सोसम्बन्धी समस्या (इडियोप्याथिक पल्मोनरी फाइब्रोसिस) बाट पीडित हुनुहुन्थ्यो। उहाँको अमेरिकाको सान फ्रान्सिस्कोस्थित एक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो। हुसेनको जन्म ९ मार्च १९५१ मा मुम्बईमा भएको थियो। उहाँलाई सन् १९८८ मा पद्मश्री, २००२ मा पद्मभूषण र २०२३ मा पद्मविभूषण पनि प्रदान गरिएको थियो। हुसेन आफ्नो साङ्गीतिक जीवनमा चार ग्रामी अवार्डबाट पनि सम्मानित हुनुभएको थियो।

**इब्राहिम रायसी**

इरानका राष्ट्रपति इब्राहिम रायसी (सयैद इब्राहिम रैसोलसादाती) को हेलिकप्टर दुर्घटनामा परेर मे १९ मा मृत्यु भएको हो। इरानको पूर्वी अजरबैजान प्रान्तमा हेलिकप्टर दुर्घटनामा परेपछि ६३ वर्षीय उहाँको मृत्यु भएको थियो। उहाँलाई इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको उत्तराधिकारी मानिन्थ्यो। न्यायपालिका र धार्मिक अभिजात वर्गमा गहिरो सम्बन्धका साथ स्थापित उपस्थिति, कट्टरपन्थी र धार्मिक रूपमा रूढिवादी राजनीतिज्ञ रायसीले पहिलो पटक २०१७ मा राष्ट्रपतिका लागि उम्मेदवारी दिनुभएको थियो तर पराजित हुनुभएको थियो। उहाँ सन् २०२१ मा राष्ट्रपतिमा निर्वाचित हुनुभएको थियो। उहाँ इरानको अहिलेसम्मकै कट्टरपन्थी राष्ट्रपतिको रुपमा परिचित मानिनुहुन्थ्यो।

इरानमा राष्ट्रपति सर्वोच्च नेतापछि दोस्रो वरियतामा हुन्छन्। राष्ट्रपतिको आन्तरिक र वैदेशिक मामिलामा महत्त्वपूर्ण प्रभाव हुन्छ। तर राज्यसम्बन्धी सम्पूर्ण मामिलामा अन्तिम निर्णय सर्वोच्च नेता आयातोल्लाह अली खामेनेको हुने गर्छ। रायसीसँगै इरानका विदेशमन्त्री र अर्धसैनिक रिभोल्युसनरी गार्डका नजिकका एक कट्टरपन्थी नेता ६० बर्षीय होसेन अमिराबडोल्लाहियनका पनि निधन भएको थियो।

**फेतुल्लाह गुलेन**

हिज्मेत नामक इस्लामिक आन्दोलनको नेतृत्व गरेको, 'आतङ्कवादी' समूहको नेतृत्व गरेको र सन् २०१६ मा शक्तिशाली नेता रेसेप तैयप एर्दोगानको सरकार ढाल्न गरिएको असफल 'कू' को नेतृत्व गरेको आरोप लागेका

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# लोकसेवा आयोगको दृष्टिमा सङ्घीय निजामती विधेयकमा समेटिनुपर्ने ११ 'सवाल'

काठमाडौँ, १९ पुस (रासस)।

लोक सेवा आयोगले प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल चलिरहेको 'सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' मा समेटिनुपर्ने विषयबारे समितिलाई अवगत गराएको छ।

कर्मचारीतन्त्रले निर्वाह गर्नुपर्ने जवाफदेहिता र वृत्तिविकासबीचको आबद्धता कायम गर्ने, कर्मचारीतन्त्रमा निरन्तर सुधार र सम्भार गरिरहने, निर्धारित कार्यविवरण र कार्यसम्पादनलाई आधार मानी कर्मचारीको बृत्ति विकासमा जोड्नेजस्ता व्यवस्था विधेयकमा छुटाउन नहुनेमा आयोगको जोड छ।

आयोगले समितिमा विधेयकको नाम, पदपूर्ति प्रतिशत, समावेशिता, सेवा प्रवेशको अधिकतम उमेर, अनिवार्य अवकाशको उमेरहद, प्रदेश सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत, ट्रेड युनियन, सरूवा तथा बढुवा, मुख्यसचिव, सचिव र अतिरिक्त सचिवको सेवा अवधि, अवकाश हुनपूर्व एक महिनाअघि एक तहमाथि बढुवा गरी अवकाश दिने र सेवा सुविधाका सम्बन्धमा आयोगको 'सवाल' प्रस्तुत गरेको छ।

समितिको शुक्रबारको बैठकमा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीले सङ्घीय शासन अनुकूल राज्यका तीनै तहका कर्मचारीको सोच, मूल्य मान्यता र क्षमताको रूपान्तरण गरी उनीहरूको वृत्तिविकास र उत्प्रेरणाको सवालको न्यायोचित सम्बोधन गर्ने मापदण्डगत व्यवस्था र तीनै तहका सरकारबीचको प्रशासनिक अन्तरसम्बन्ध रहने व्यवस्था विधेयकमा समावेश गर्नुपर्नेमा जोड दिनुभयो।

आयोगले निजमती सेवा विधेयकको दफा १० (१) (ज) मा भएको व्यवस्थामा 'खुला, आन्तरिक तथा अन्तरतह प्रतियोगिताद्वारा पूर्ति हुने पद १० प्रतिशत र बढुवाद्वारा पूर्ति हुने पद ९० प्रतिशत राख्न प्रस्ताव गरेको छ। सेवा प्रवेश गरिसकेको कर्मचारीहरू शीघ्र माथिल्लो पदमा जान तयारी गर्ने, कार्यालयमा पनि पढेर बस्ने, कोचिङ कक्षा जाने, माथिल्ला पदका कर्मचारी कोचिङ सेन्टरमा पढाउन जाने प्रवृत्तिले नागरिकलाई सेवा वितरणलगायतका काममा बाधा पर्न गएकाले उक्त व्यवस्था गर्नु उचित हुने आयोगको सुझाव छ।

"यसबाट एकातर्फ कर्मचारीमा भएका ज्ञानलाई सङ्गठनले उपयोग गर्न नसकेको देखिन्छ भने अर्कातर्फ छिटोछिटो छरितो वृत्ति खुड्किला चढ्नेहरूमा आवश्यक अनुभव तथा निर्णयमा परिपक्वता कमीले गर्दा सेवा प्रवाह तथा चुनौतीपूर्ण कार्य गर्न अग्रसर नहुने देखिन्छ", आयोगका अध्यक्ष रेग्मीले भन्नुभयो।

आयोगले निजामती सेवाको सहायक र अधिकृत तहमा एक/एकपटक मात्र समावेशिताको सुविधा पाउने व्यवस्था गर्न, सेवा प्रवेशतर्फ खुलाको हकमा ३२ वर्ष र समावेशी समूह (महिला र अपाङ्ग)को हकमा ३७ वर्ष कायम गर्न सुझाव दिएको छ। हाल सेवा प्रवेश गर्ने उम्मेदवारको उमेर समूहको अध्ययन गर्दासमेत सेवा प्रवेश उमेर घटाउनु उपयुक्त हुने देखिएको अध्यक्ष रेग्मीको भनाइ छ।

उहाँले भुटानमा सरकारी सेवा प्रवेशको उमेर २१ देखि ३५ वर्ष, पाकिस्तानमा २१ देखि ३० वर्ष र समावेशीमा थप दुई वर्ष, भारतमा २१ देखि ३० वर्ष र सरकारी सेवामा प्रवेश गरिसकेकाको हकमा ३५ वर्ष, बङ्गलादेशमा २१ देखि ३० वर्ष र समावेशिताका लागि ३२ वर्ष उमेरहद रहेको दृष्टान्त प्रस्तुत गर्नुभयो।

आयोगले कर्मचारीको अनिवार्य अवकाश उमेर ६० वर्ष कायम गरी तीन चरणमा कार्यान्वयन गर्नु उपयुक्त हुने प्रस्ताव गरेको छ। ऐन प्रारम्भ भएको मितिले सो आर्थिक वर्षसम्म ५८, दोस्रो आवसम्मका लागि ५९ र तेस्रो आवदेखि ६० वर्ष कायम हुने व्यवस्था गर्न आयोगको प्रस्ताव छ। एकै चरणमा अवकाश उमेरहद ६० वर्ष पुर्‍याउँदा बढुवाको अन्तिम चरणमा पुगेको कर्मचारीलाई मर्का पर्ने आयोगको ठम्याई छ। अध्यक्ष रेग्मीले भन्नुभयो, "हाल भएको ५८ वर्षको उमेरहदबाट एकै पटक ६० वर्ष पुर्‍याउँदा त्यसबाट प्रत्यक्ष/अप्रत्यक्ष रूपमा पर्ने प्रतिकूल प्रभावको गम्भीर्यतालाई न्यून गर्न पनि चरणबद्ध रूपमा कार्यान्वयन गर्नु उचित हुन्छ।"

आयोगले प्रदेश सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद सङ्घीय निजामती सेवाको पद हुनेछ भन्ने प्रावधान राखी सोहीबमोजिम अन्य व्यवस्था मिलाउन पनि सुझाव दिएको छ। नेपालको संविधानले सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित सङ्घीयता आत्मसात् गरेको अवस्थामा अवशिष्ट अधिकार सङ्घमा नै रहने संवैधानिक व्यवस्था र नेपालले अवलम्बन गरको सङ्घीय शासन प्रणाली 'होल्डिङ टुगेदर' प्रकारको भएकाले पनि त्यस्ता पद सङ्घ मातहत हुनुपर्ने आयोगको दृष्टिकोण छ।

प्रशासनिक समन्वय, वित्तीय सुशासन एवं समग्र प्रतिवेदन यथासमयमा सङ्घीय सरकारलाई प्राप्त हुने व्यवस्था सुनिश्चित गर्न पनि प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृतको पदमा सङ्घीय निजामती सेवाका कर्मचारी खटाउन उचित हुने अध्यक्ष रेग्मीको धारणा छ।

निजामती सेवामा ट्रेड युनियनको गठन, आबद्धता र अधिकारलगायत सवाल राजनीतिक विषय भएकाले यो विषय सार्वभौम संसद्बाटै निर्क्योल हुनुपर्ने आयोगको मत छ। यद्यपि, निजामती सेवामा एक मात्र ट्रेड युनियन रहने र छैटौं तहसम्मका कर्मचारीको ट्रेड युनियनमा सहभागी हुन पाउने व्यवस्था गर्नुपर्ने आयोगको सुझाव छ। अध्यक्ष "अधिकृतस्तरदेखिका कर्मचारी अवस्था र पदस्थापनअनुसार नीतिगत एवं व्यवस्थापकीय तहमा समेत सहभागी हुने भएकाले सोभन्दा तल्लो तहका कर्मचारी मात्र यसमा सहभागी हुन उपयुक्त हुनेछ", अध्यक्ष रेग्मीले भन्नुभयो, "सुशासन, सेवा प्रवाह, अध्ययन, अनुसन्धान र लोकतान्त्रको कार्यान्वयनमा ट्रेड युनियनको भूमिका उपयुक्त हुन्छ।"

आयोगले कर्मचारीको छिटोछिटो सरूवाबाट कार्यसम्पादनमा असर परिरहेको तथा 'इन्स्टिच्युसनल मेमोरी' कायम गर्न कठिन हुनेहुँदा सचिवको एक वर्ष, सहसचिवको दुई वर्ष, उपसचिवको तीन वर्ष, शाखा अधिकृतको चार वर्ष र अन्य कर्मचारीको पाँच वर्ष कम्तीमा पनि एउटै मन्त्रालय वा मातहतको निकायमा रहने सुनिश्चिता गरिनुपर्नेमा जोड दिएको छ।

कार्यालय तथा निकायको 'पदसोपान' र त्यस्ता निकयामा हुने कार्यचापबमोजिम अतिरिक्त सचिवको व्यवस्था गर्न उचित भएकाले मुख्यसचिवको सेवा अवधि दुई वर्ष, सचिवको तीन वर्ष र १३औं तहको अतिरिक्त सचिवको चार वर्ष सेवा अवधि कायम राख्न आयोगको सुझाव छ। आयोगले एउटै मन्त्रालयमा दुई जना सचिव रहने व्यवस्था हटाई कार्यालयको कार्यबोझको आधारमा कार्यविवरण स्पष्ट गराई सो अनुरूप आवश्यकतानुसार मन्त्रालय र विभागहरूमा तेह्रौ तहका अतिरिक्त सचिवको व्यवस्था गर्न उचित हुने धारणा राखेको छ।

अवकाश हुनपुर्व एक महिनाअघि एक तहमाथि बढुवा गरी अवकाश दिने प्रावधान समेट्न आयोगले प्रस्ताव गरेको छ। यसरी बढुवा गर्दा श्रेणीको हकमा १५ वर्ष एउटै पदमा र तहगत प्रणालीमा एउटै पदमा १० वर्ष कार्य गरेको व्यवस्था हुनुपर्ने तथा पछिल्लो दुई तह गरी १५ वर्ष पूरा गरेको हकमा समेत यस्तो विशेष बढुवाको सुविधा पाउनेछ भन्ने व्यवस्था थप गर्नु उचित हुने आयोगको राय छ।

आयोगले निजामती सेवाका कर्मचारीको निवृत्तिभरण, उपदान, स्वास्थ्य उपचारलगायत सेवा सुविधा राज्यको क्षमता एवं आर्थिक स्थिति समेतका दृष्टिबाट उपयुक्र व्यवस्था गर्न पनि सुझाव दिएको छ। सङ्घीय निजामती सेवा विधेयकको नाममा पनि थुप्रै संशोधन परेको सन्भर्दमा आयोगले नेपालको संविधानले समेत सङ्घीय निजामती सेवा भनी स्वीकार गरेको अवस्थामा विधेयकको नाम 'सङ्घीय निजामती सेवा ऐन' नै उपयुक्त रहेको सुझाव दिएको छ।

आयोगका अध्यक्ष रेग्मीले समिति बैठककै क्रममा विधेयकमा सम्बन्धमा सांसदले पेस गरेका एक हजार पाँच सय ८३ बटा संशोधन प्रस्तावमाथि आयोगको धारणा तयार गरी लिखित रूपमा बुझाउनुभयो। समिति सभापति रामहरि खतिवडाले आयोगका तर्फबाट महत्त्वपूर्ण सुझाव प्राप्त भएको जानकारी दिँदै ती सुझावमाथि गम्भीरताका साथ विचार गरिने बताउनुभयो।

## सन् २०२४ ले...

अमेरिकामा बस्दै आएका टर्कीएका मुस्लिम धर्मगुरु फेतुल्लाह गुलेनको २० अक्टोबरमा मृत्यु भएको हो।

अङ्काराले गुलेनलाई सन् २०१६ को असफल 'कू' का मुख्य योजनाकार भएको आरोप लगाउँदै आएको छ। त्रियासी वर्षीय गुलेनको अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो। गुलेन सन् १९९९ देखि पेन्सिलभेनियामा बस्दै आउनुभएको थियो। प्रशासनले उहाँको टर्कीएको नागरिकता सन् २०१७ मा खोसेको थियो। गुलेनले टर्कीए र त्यसभन्दा बाहिर शक्तिशाली इस्लामिक आन्दोलनको निर्माण गर्नुभएको थियो। उहाँमाथि टर्कीएका राष्ट्रपति रेसेप तैयप एर्दोगानविरुद्ध 'कू' को प्रयास गरेको आरोप लागेको थियो जसलाई उहाँले खण्डन गर्दै आउनुभएको थियो।

**इस्माइल हानिया**

हमास नेता इस्माइल हानियाको 'इजरायलको आक्रमण' बाट जुलाई ३१ मा मृत्यु भएको थियो। उहाँ इरानमा मारिनुभएको थियो। प्यालेस्टिनी लडाकू समूह हमास र इरानको एलिट रिभोलुसनरी गार्ड्सले उहाँ इजरायलले झुक्काएर गरेको आक्रमणमा मारिएको दावी गरेका छन्। इरानका नयाँ राष्ट्रपतिको शपथ ग्रहण समारोहमा सहभागी भएका हानियालाई कार्यक्रम स्थलबाट बाहिरिएपछि तेहरानस्थित इस्माइल हानियाको निवासमा आक्रमण भएको थियो।

**हसन नसरल्लाह**

लेबनानको सशस्त्र शिया सङ्गठन हिजबुल्लाह नेता हसन नसरल्लाहको सेप्टेम्बर २७ मा मृत्यु भएको हो। इजरायली सेनाले बेरूतमा गरेको हवाई आक्रमणमा उहाँ मारिनुभएको हो। इजरायलले ६४ वर्षीय नसरल्लाहलाई धेरै इजरायली सैनिक र सर्वसाधारणको हत्याका लागि जिम्मेवार ठहर गरेको थियो। लेबनानमा हिजबुल्लाह समूहको नेतृत्व गर्ने आलिम (धार्मिक विद्वान) नसरल्लाहले यस समूहको इतिहासमा निर्णायक भूमिका खेलेको पाइन्छ।

**याह्या सिनवार**

गाजामा भएको इजरायली आक्रमणमा मारिएका हमासका राजनीतिक प्रमुख याह्या सिनवार सन् २०२३ अक्टोबर ७ मा दक्षिणी इजरायलमा भएको विध्वंशकारी आक्रमणका योजनाकार हुनुहुन्थ्यो। राजनीतिक प्रमुख सिनवारको इजरायलमा हमासले गरेको आक्रमणको ठीक एक वर्षपछि अक्टोबर १६ मा इजरायली हवाई आक्रमणमा मृत्यु भएको हो। यसअघि हमासका प्रमुख इस्माइल हानिया गत जुलाईमा मारिएपछि हमासभित्र बलियो प्रभाव बनाएका सिनवार राजनीतिक प्रमुख चुनिनुभएको थियो। सन् २०१७ देखि गाजा स्ट्रिपमा हमास समूहका नेता रहेका सिनवारलाई सर्वसम्मतिमा उक्त समूहको राजनीतिक विभाग नेतृत्व गर्ने जिम्मेवारी दिइएको थियो।

सनवार चरमपन्थी नेता मानिनुहुन्छ। उहाँको त्यही स्वभावका कारण पनि गाजामा युद्धविरामका लागि भएका दर्जनौं प्रयास असफल भएको बताइन्छ। सिनवार यसअघि गाजा क्षेत्रमा हमासको राजनीतिक एकाइ प्रमुख हुनुहुन्थ्यो। सन् १९६२ मा जन्मेका सिनवार हमासको सुरक्षा सेवा 'मज्द'का संस्थापक पनि हुनुहुन्थ्यो।

## विश्व समाचार

### महाकुम्भ २०२५ : उत्सव सुरु, सङ्गममा बिहान गंगा आरती

प्रयागराज (उत्तर प्रदेश, भारत), १९ पुस (रासस/एएनआई)।

महाकुम्भ २०२५ को उत्सव भक्तजनहरूको बिहानी गङ्गा 'आरती' मा सहभागितासँगै सुरु भएको छ। 'आरतीहरू' प्रयागराजका प्रसिद्ध घाटहरूमा मात्र सीमित छैनन्, सङ्गमको बाढी मैदानहरूमा पनि देख्न सकिन्छ। यसअघि उत्तर प्रदेशको प्रयागराजको त्रिवेणी सङ्गममा विशेष गङ्गा आरतीमा महिलाहरूले भाग लिएका थिए। यो विधि आगामी कुम्भ मेलाको पूर्वाभ्यास पनि थियो। "आज एक विशेष आरती गरियो। यो कुम्भ मेलाको पूर्वाभ्यास थियो। केटाहरूले त्रिवेणी आरती र केटीहरूले गङ्गा आरती गर्नेछन्। आरती गर्ने यी बालबालिकाहरूलाई सबैले प्रेरित गर्नेछन् भन्ने हामीले आशा गरेका छौँ... सनातन धर्ममा कुनै सीमा छैन भन्ने हामी सन्देश दिन चाहन्छौँ", प्रयागराज तीर्थ पुरोहित प्रदीप पाण्डेले भन्नुभयो।

महाकुम्भ १२ वर्षपछि मनाइँदैछ र जनवरी १३ देखि फेब्रुअरी २६ सम्म प्रयागराजमा भक्तजनहरूको ठूलो उपस्थिति हुने अपेक्षा गरिएको छ। शाही स्नान (राजकीय स्नान) भनेर चिनिने मुख्य स्नान जनवरी १४ (मकर सङ्क्रान्ति), जनवरी २९ (मौनी अमावस्या) र फेब्रुअरी ३ (बसन्त पञ्चमी) मा हुनेछ। दुर्घटना हुन नदिन जिल्ला प्रशासनले विशेष गरी भिड व्यवस्थापन र आगलागीबाट बच्न भक्तजनको सुरक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण कदम चालेको छ। जिल्ला प्रशासनले महाकुम्भ समारोहअघि नयाँ दमकल केन्द्रहरूको उद्घाटन गरेको छ, जहाँ आगलागी भएमा द्रुत प्रतिक्रिया सुनिश्चित गर्न कम्तीमा ३६५ वटा सवारी साधन तैनाथ गरिएको छ।

### दक्षिण कोरियाका निलम्बित राष्ट्रपति पक्राउ गर्ने प्रहरीको प्रयास विफल

सियोल, १९ पुस (रासस/एएफपी)।

प्रहरीले महाभियोगपछि निलम्बित दक्षिण कोरियाका राष्ट्रपति पक्राउ गर्ने प्रहरीको प्रयास विफल भएको छ। करिब छ घण्टा लामो सङ्घर्षपछि दक्षिण कोरियाका निलम्बित राष्ट्रपति युन सुक योललाई पक्राउ गर्ने प्रहरीको कदम रोकिएको छ। युनको सुरक्षामा रहेको सेनाको टोलीले मानव पर्खाल बनाएर पक्राउ गर्न आएका प्रहरीको बाटो छेकेको कोरियाली समाचार संस्था योन्हापले जनाएको छ। युनको सुरक्षा दस्ता तथा दक्षिण कोरियाली सेनाले प्रहरीलाई रोक्नका लागि बाटोमा सवारी साधन समेत तेर्स्याएको थियो।

युनमाथि शक्तिको दुरुपायोग गरेको र सैन्य कानुन लागु गर्न खोजेको भन्दै महाभियोग प्रस्ताव संसदमा पुगेको छ। संसदमा महाअभियोग प्रस्ताव पुगेपछि उहाँ निलम्बित हुनुभएको थियो। दक्षिण कोरियामा संसद्को महाभियोग प्रस्तावको अन्तिम निर्णय संवैधानिक अदालतले गर्छ। तर, अदालतले तीनपटक बोलाउँदा पनि युन अदालतमा उपस्थित नभएपछि उहाँलाई पक्राउ गर्ने अनुमति दिएको थियो। त्यही अनुमतिका आधारमा प्रहरीको टोली शुक्रबार युनलाई पक्राउ गर्न गएको थियो। प्रहरीका २० बटा टोली बिहान ८ बजे नै युनको घरमा पुगेका थिए। तर, युनको सुरक्षा दस्ता र सेना प्रहरीसँगै भिड्ने अवस्थामा पुगेपछि प्रहरीले युनलाई पक्राउ गर्ने मिसन रोकेको बताएको छ।

### सन् २०२४ मा विश्व खाद्य मूल्य दुई प्रतिशतले गिरावट : एफएओ

पेरिस, १९ पुस (रासस/एएफपी)।

विश्व खाद्य वस्तुको मूल्य अघिल्लो वर्षको तुलनामा २०२४ मा २.१ प्रतिशतले घटेको संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) ले शुक्रबार बताएको छ। यद्यपि यो कोभिडच्-१९ महामारीअघिको तुलनामा उल्लेख्य रूपमा माथि छ। एफएओको समग्र खाद्य मूल्य सूचकाङ्क औसत १२२.० अङ्क रह्यो। यो सन् २०२३ को औसत मूल्यभन्दा २.६ अङ्क अर्थात २.१ प्रतिशत कम हो। यद्यपि खाद्य मूल्यहरू यस वर्षको अवधिमा बढेको छ। सूचकाङ्क जनवरीमा ११७.६ अङ्कबाट डिसेम्बरमा १२७.० मा पुगेको छ।

मुख्य रूपमा मासु, डेरी र खाद्य तेलको वृद्धिका कारण सूचकाङ्क डिसेम्बर २०२३ देखि २०२४ सम्म ६.७ प्रतिशतले बढ्यो। संयुक्त राष्ट्रसङ्घको खाद्य एजेन्सीले विश्वव्यापी रूपमा कारोबार हुने बस्तुहरूको अन्तर्राष्ट्रिय मूल्यमा हुने मासिक र विश्वव्यापी परिवर्तनको अनुगमन गर्छ। खाद्यान्नको मूल्य पनि पाँच वर्ष अघिको तुलनामा उल्लेखनीय रूपमा उच्च अर्थात करिब २६ प्रतिशत रहेको छ। कोभिड-१९ महामारीको समयमा विश्वव्यापी व्यापारमा आएको अवरोधले सुरुमा खाद्यान्नको मूल्यमा गिरावट ल्याए पनि पछि विश्वव्यापी अर्थतन्त्रमा पुनरुत्थान भएपछि मुद्रास्फीति बढेकाले ती उच्च भए।

सन् २०२२ फेब्रुअरीमा युक्रेनमा रुसले आक्रमण गरेपछि मूल्य रेकर्ड स्तरमा पुग्यो किनकि दुवै देश प्रमुख गहुँ निर्यातक हुन्। यद्यपि ढुवानी अवरुद्ध नभएको सुनिश्चित गर्ने प्रयासहरूले सन् २०२४ को सुरुआतसम्म मूल्य घट्दै गयो। सन् २०२३ र २०२४ का बीचमा सूचकाङ्कको औसत मूल्यमा आएको गिरावट मुख्यतया खाद्यान्न र चिनीको मूल्यमा आएको गिरावटका कारण थियो। सन् २०२३ को तुलनामा अन्न १३.३ प्रतिशतले घटेको छ भने एफएओको चिनीको मूल्य सूचकाङ्क १३.२ प्रतिशतले घटेको छ। वनस्पति तेलको मूल्य सूचकाङ्कमा ९.४ प्रतिशतले वृद्धि भएको छ।

# वन कार्यालयले सिफारिस रोक्दा नदीजन्य पदार्थ उत्खनन रोकियो, राजस्व सङ्कलन घटयो

सिरहा, १९ पुस (रासस)।

डिभिजन वन कार्यालयले लहान नगरपालिका भएर बग्ने बलान, सेर्रे र खुट्टी खोलामा नदीजन्य पदार्थ उत्खननका लागि वातावरणीय प्रभाव मूल्याङ्कन गर्न प्रदेश वन तथा वातावरण मन्त्रालयसमक्ष सिफारिस नगर्दा चार महिनादेखि उत्खनन रोकिएको छ।

नदीजन्य पदार्थका लागि ठेक्का नलाग्दा नगरपालिकाको राजस्व सङ्कलन घटेको छ भने विभिन्न विकास-निर्माण परियोजना प्रभावित भएका छन्।

वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृतिका लागि नगरपालिकाले सबै प्रक्रिया पुर्‍याएर वन कार्यालयले मन्त्रालयसमक्ष सिफारिस नगर्दा समस्या भएको लहान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जयकान्त झाले गुनासो गर्नुभयो। "हामीले वन कार्यालयलाई यो महिनामा चारवटा पत्र लेखिसक्यौँ तर वन अधिकृतले सिफारिस गर्नुभएको छैन", उहाँले भन्नुभयो। वातावरण संरक्षण नियमावली, २०७७ को दफा ९ को उपदफा (४) को 'सम्बन्धित निकायले वातावरणीय अध्ययन प्रतिवेदनको सरोकारवाला अन्य सरकारी निकायसँग आवश्यक राय सुझाव लिन सक्नेछ' भन्ने व्यवस्था अनुसार वन कार्यालयले मन्त्रालयलाई सिफारिस नदिएर काम रोकिएको प्रमुख झाको आरोप छ।

डिभिजन वन कार्यालयका प्रमुख शैलेन्द्रकुमार मिश्रले मन्त्रालयसमक्ष सिफारिस गर्न नगरपालिकाबाट प्राप्त निवेदन अध्ययन भइरहेको बताउनुभयो। "नदीजन्य पदार्थ उत्खननको जिम्मेवारी स्थानीय तहको हो। हामीले मन्त्रालयलाई नगरपालिकाको प्रस्ताव ठीक छ वा छैन समीक्षा गरेर सिफारिस दिने हो।" उहाँले भन्नुभयो, "जहाँ वन क्षेत्र पर्छ, त्यहाँबाट नदीजन्य पदार्थ झिक्न मिल्दैन। वन क्षेत्रसमेत समेटेर सिफारिस मागिएकाले समस्या भएको हो।"

# तराई–मधेशमा चिसो बढ्दै, सतर्कता अपनाउन चिकित्सकको आग्रह

धनुषा, १९ पुस (रासस)।

धनुषालगायत मधेशका जिल्लामा बाक्लो हुस्सु र कुहिरो लाग्न थालेपछि अत्यधिक चिसो बढ्न थालेको छ।

चिसोबाट बच्न न्यायो लुगा लगाएर अत्यावश्यक काममा मात्रै घरबाहिर निस्किन र झोलिलो खानेकुरा खान चिकित्सकले सुझाव दिएका छन्। विशेषगरी बालबालिका, वृद्धवृद्धा, दम तथा रुघाखोकीका बिरामी समस्यामा पर्ने भएकाले सतर्कता अपनाउन चिकित्सक चन्देश्वर महासेठको सुझाव छ। "यसका साथै बाथ तथा गेठियाका रोग लागेका बिरामीलाई चिसोका कारण थप समस्या बढ्ने जोखिम हुन्छ। चिसोबाट जोगिन बिहानको समयमा मर्निङ वाक नगर्न र गर्नै परे शरिर ढाकिने गरी न्यानो लुगा लगाउन आवश्यक छ", महासेठले भन्नुभयो।

प्रादेशिक अस्पताल जनकपुरधामका निर्देशक डा जामुनप्रसाद सिंहले केहीदिन देखि यहाँ अत्यधिक चिसो बढेकाले उच्च सतर्कता अपनाउन आग्रह गर्नुभयो। "अस्पतालमा रुघाखोकी, ज्वरो, कोल्ड डायरियाका बिरामी बढेका छन्। जनकपुरधाम क्षेत्रमा बिहानदेखि कुहिरो लाग्ने गरेको छ। यो क्रम अझै केही दिन कायम रहे थप चिसो बढ्ने अवस्था छ। त्यसैले विशेष सतर्कताका लागि हाम्रो आग्रह छ", उहाँले भन्नुभयो।

चिसो बढ्दै गएपछि प्रदेश सरकारले दाउरा तथा कम्बल वितरणका लागि पहल गरिरहेको जनाएको छ। प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रवक्ता दीपेन्द्रकुमार यादवले सबै जिल्लामा कम्बल पठाइसकिएको बताउनुभयो। चिसोबाट बच्न अपनाउनुपर्ने सावधानीबारे चेतनामूलक कार्यक्रम पनि सञ्चालन गर्ने तयारी भइरहेको उहाँले जानकारी दिनुभएको छ।

### *स्थिर सरकार ...*

राजविराज नगरपालिकाको बिटोरी जग्गा वहाकले बर्षौ देखी लालपुर्जा नपाएको, वस पार्क अलपत्र अवस्थामा रहेको, प्रस्तावित रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण काम सुरु हुन नसकेको, जिल्लाका विभिन्न सडक जीर्ण अवस्थामा रहेको, औधोगीक क्षेत्रमा उधोगहरुको स्थापना र व्यवस्थित संचालन हुन नसकेको, गजेन्द्र नारायण सिह अस्पतालमा जनशक्ती र उपकरणको अभाव रहेको, अदालतमा बाणिज्य इजलाश नहुदा सप्तरी र सिरहाका जनताले दुख पाईरहेको, माओवादी जनयुद्धका समयमा बन्द भएका नाका क्षेत्रका छोटी भन्सारहरु अझै संचालनमा आउन नसकेको लगायतका विषयमा मन्त्री सिंहको ध्यानाकर्षण गराउदै समस्या समाधानका लागी पहल गर्न आग्रह गरेका थिए। जवाफमा मन्त्री सिहले उक्त समस्या समाधानमा आफुले सक्दो पहल गर्ने प्रतिबद्धता जनाएका थिए।

# अनलाइन ठगीबाट बच्न सिआइबीको सार्वजनिक अनुरोध

काठमाडौँ, १९ पुस (रासस)।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले पछिल्लो समयमा विभिन्न प्रलोभनमा पारेर अनलाइन ठगी बढेको भन्दै ठगीबाट बच्न विशेष सावधानी अपनाउन अनुरोध गरेको छ।

सिआइबीका प्रवक्ता प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले हालैमात्र पोखरामा रू ५७ लाख, चितवनमा रू १६ लाख, नेपाल सरकारका कर्मचारीहरूको रू पाँच लाख ५० हजार, विभिन्न कम्पनी तथा सर्वसाधारणको करोडौँ रकम ठगी भएको र उक्त विषयमा अनुसन्धान भइरहेको जानकारी दिँदै त्यस्ता लोभमा नफस्न अनुरोध गर्नुभएको छ।

शुक्रबार सिआइबीले सात बुँदामा एक सार्वजनिक अपिल जारी गर्दै केही दिनयता सामाजिक सञ्जाल जस्तै फेसबुक, इन्टाग्राम, टेलिग्राम, ह्वाट्सएप, म्यासेन्जर, भाइबर तथा इमोलगायतबाट फोन गरी डिजटिल वालेट तथा बैंक/वित्तीय संस्थाबाट बोलेको भनी विभिन्न अपरिचित नम्बरहरूबाट फोन गरी वा म्यासेज गरी नेपाल सरकारका कर्मचारी तथा आमसर्वसाधारणलाई समेत धोकापूर्ण तरिकाले प्रलोभनमा पारी ठगी गरिएको पाइएको छ।

यस्ता घटनाहरूप्रति गम्भीर ध्यानाकर्षण भएको सिआइबीले जनाएको छ। त्यस्ता ठगीबाट बच्न अनुरोध गर्दै सिआइबीले विभिन्न सात बुँदे ध्यानाकर्षण पनि सार्वजनिक गरेको छ।

सिआइबिले इसेवा, खल्तीजस्ता वालेट, बैंक तथा वित्तीय संस्थाको लोगोसमेत प्रयोग गरी धोकापूर्ण तरिकाले सम्बन्धित संस्थाको आधिकारिक व्यक्ति भनी कल गर्ने तथा पटकपटक गलत पासवर्ड राखेर वालेट अल्पकालीन बन्द गर्ने, त्यही समय वालेट प्रयोगकर्तालाई कल गरी तपाईंको यसमा समस्या आएको छ म सेवा प्रदायक कम्पनीबाट बोलेको भनी ओटिपी माग गर्नेहरूसँग सावधानी हुन अनुरोध गरेको छ।

सावधानी नभए क्षणभरमा नै उक्त वालेटमा भएको पैसा अन्य व्यक्तिको वालेटमा वा बैंक खातामा ट्रान्सफर हुने भनी सजग पनि गराएको छ।

यस्तै सामाजिक सञ्जालमा विभिन्न खालका प्रलोभनमा पार्ने म्यासेज पठाउने र विभिन्न किसिमका एआइले बनाएको आवाजबाट कल गरी तपाईंको सामान आएको छ, तपाईंलाई फाइदा हुने खालको व्यापार छ भन्नेजस्ता लिङ्क पठाई खोल्न लगाउने र लिङ्क खोल्नेबित्तिकै युजरनेम र पासवर्डमा पहुँच पुर्‍याएर पैसा रकमान्तर गर्ने गरेको भन्दै त्यसतर्फ पनि सावधानी हुन सिआइबीले अनुरोध गरेको छ।

अनलाइन व्यापारको नाममा सामाजिक सञ्जालमा विभिन्न साइटहरू खोली सामानको आकर्षक फोटो भिडियो अपलोड गर्ने र कुनै ग्राहकले सामान अर्डर गर्दा विभिन्न बैंक खातामा रकम माग गर्ने र रकम प्राप्त गरिसकेपछि सामान डेलिभरी नगरी सम्पर्कविहीन हुने अवस्थासमेत रहेको प्रहरीले जनाएको छ।

यस्ता कार्यमा यस्तो कार्यमा हालसम्म पाँच सयभन्दा बढी फोन नम्बर सक्रिय भएको हुँदा यस्ता अपरिचित नम्बरबाट आएका फोन तथा म्यासेज नउठाउन तथा उत्तर नदिन पनि सिआइबीले सबैमा अनुरोध गरेको छ।

यस्ता किसिमका ठगीमा संलग्न व्यक्तिहरूका सम्बन्धमा कुनै जानकारी भएमा यस केन्द्रीय अनुसन्धान ब्यूरो तथा नजिकको प्रहरी कार्यालयमा जानकारी गराउन पनि अनुरोध गरिएको प्रवक्ता बोगटीले बताउनुभयो।

# 'प्रदेशमा निजामती कर्मचारी र प्रहरी समायोजन चाँडो हुनुपर्छ'

जनकपुर, १९ पुस (रासस)।

नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले सङ्घीयतालाई थप मजबुत बनाउन प्रदेशमा निजामती कर्मचारी र प्रहरी समायोजन चाँडो हुनुपर्ने बताउनुभएको छ।

शुक्रबार यहाँ आयोजित मधेस प्रदेशबाट नेपाल पत्रकार महासङ्घको केन्द्र, प्रदेश र जिल्लामा निर्वाचित पत्रकारहरूको सम्मान बधाई तथा शुभकामना कार्यक्रममा उहाँले सङ्घीयतालाई प्रभावकारी कार्यान्वयन गर्न प्रदेशमा निजामती कर्मचारी ।,र प्रहरी समायोजन यथाशीघ्र हुनुपर्ने उल्लेख गर्नुभयो।

नेता निधिले सङ्घीय, लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणका साथै गणतन्त्रलाई बलियो बनाउन नवनिर्वाचित पत्रकार महासङ्घको नेतृत्वले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

प्रदेशबाट महासङ्घको निर्वाचनमा निर्वाचित सबै तहका पदाधिकारीहरूलाई नेपाल प्रेस युनियन धनुषाका अध्यक्ष राजन सिंहले स्वागत गर्नुभएको थियो।

कार्यक्रममा नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादव, पूर्वमन्त्री एवं नेपाली कांग्रेसका नेता रामकृष्ण यादव, मधेस प्रदेशका पूर्वमन्त्री एवं प्रदेशसभाका सांसद रामसरोज यादव, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह, नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पञ्जियारलगायत नेताहरू सहभागी हुनुहुन्थ्यो।

# राखेप बोर्ड सदस्यहरूद्वारा सपथ ग्रहण

**दैनिक समाचारदाता**
**काठमाडौँ, १९ पुस।**

राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा नवनियुक्त भएका आठ बोर्ड सदस्यहरूले सपथ ग्रहण गरेका छन्।

उनीहरूलाई सिंहदरबारस्थित खेलकुद मन्त्रालयमा आयोजित एक कार्यक्रममा युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले सपथ ग्रहण गराएका हुन्।

सपथ ग्रहण गर्ने सदस्यहरूमा शान्तकुमारी चौधरी (झापा), आनन्दकुमार झा (सप्तरी), सुवर्ण श्रेष्ठ (ललितपुर), कमलबहादुर भट्टराई (सर्लाही), हिमालकुमार श्रेष्ठ (गुल्मी), नन्दा बस्याल (सुर्खेत), जगतसिंह धामी (दार्चुला) र भानबहादुर चन्द (कञ्चनपुर) छन्।

खेलकुद मन्त्री चौधरीले राखेपमा नियुक्त भएका सवै सदस्यहरूलाई बधाई दिँदै आफ्नो चार वर्षे कार्यकालमा उत्कृष्ट काम गर्न आग्रह गरे। यही पुस ९ गते बसेको मन्त्रीपरिषद्को बैठकले राखेपमा रिक्त रहेका बोर्ड सदस्यमा आठजनालाई नियुक्त गरेको थियो।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*